# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५१) काठमाडौं, कात्तिक२८गते२०५८साल (अतिरिक्ताङ्क४७ (ख)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय भौतिक योजना तथा निर्माण मन्त्री श्री चिरञ्जीवी वाग्ले संयुक्त राष्ट्र संघ इस्कयापको आयोजनामा गणतन्त्र कोरियाको राजधानी सिउलमा हुने एशिया प्यासिफिक क्षेत्रको पूर्वाधार विकाससम्बन्धी मन्त्रिस्तरीय सम्मेलनमा भाग लिने सिलसिलामा २०५८ साल कात्तिक २९ गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको भौतिक योजना तथा निर्माण मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय गृह तथा स्थानीय विकास मन्त्री श्री खुमबहादुर खड्काले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय सूचना तथा सञ्चार मन्त्री श्री जयप्रकाश प्रसाद गुप्ता मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको सूचना उद्योग मन्त्रालयको मैत्रीपूर्ण निमन्त्रणामा मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको मैत्रीपूर्ण भ्रमण गर्ने सिलसिलामा २०५८ साल मंसिर २ गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको सूचना तथा सञ्चार मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय श्रम तथा यातायात व्यवस्था मन्त्री श्री पाल्तेन गुरुङ्गले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २६८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।